**04 October 2024**

**यो आकाशवाणी हो**

**सबैभन्दा पहिला आजका मुख्य समाचार**

- ग्लोबल वार्मिङ र पर्यावरण प्रदूषणको चुनौतीसँग जुध्न सम्भव भएजति प्रयास गर्न विश्व समुदायलाई राष्ट्रपतिको आग्रह
- वित्तमन्त्रीले सरकार वित्तीय अनुशासनका लागि प्रतिबद्ध रहेको बताउनु भयो
- घरेलु रक्षा उत्पादनले १ लाख २७ हजार करोड रुपियाँको रेकर्ड पार गरेको रक्षामन्त्रीको भनाई
- तिरुमाला तिरुपति मन्दिरको प्रसाद लड्डू प्रकरणको छानब◌ीन गर्न जाँच समिति गठन गर्न◌े सर्वोच्चको आदेश
- ISSF जुनियर विश्व च्याम्पियनसिपमा भारतको उत्कृष्ट प्रदर्शन जारी, अनि
- महिला टी–20 क्रिकेट विश्वकपमा अहिले भारत र न्युजिल्याण्ड भिड्दै

**अब समाचार विस्तारमा**

**राष्ट्रपति-राजस्थान भ्रमण**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले अध्यात्मबाट व्यक्तिगत जीवनमा मात्र नभई समाज र धरती मातासँग सम्बन्धित धैरै समस्याको समाधान खोज्न सकिने बताउनुभएको छ। उहाँले आज राजस्थानको आबु रोडस्थित ब्रह्मा कुमारी संस्थानमा आयोजित स्वच्छ र स्वस्थ समाजका लागि अध्यात्म सम्बन्धी वैश्विक सम्मेलनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै यस्तो विचार साझा गर्नुभयो। उहाँले विश्वका धैरै ठाउँमा अशान्ति भइरहेको र मानवीय मूल्यमान्यता खस्कँदै गएको बताउनु भयो। यस्तो अवस्थामा शान्ति र एकताको महत्व अझै बढेको बताउँदै राष्ट्रपतिले शान्तिको खाँचो बाहिरी संसारमा मात्र नभएर मानव जीवनको गहिराइमा पनि रहेको बताउनुभयो।

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले विश्व आज ग्लोबल वार्मिङ र पर्यावरण प्रदूषणको नराम्रो असरसँग लडिरहेको बताउँदै यस्तो समयमा यी चुनौतीसँग जुध्न सम्भव भएजति प्रयास गर्न विश्व समुदायलाई अपील गर्नुभयो। राष्ट्रपतिले मानिसले आफूलाई धरतीको मालिक होइन, ट्रस्ट्री रहेको बुझ्नुपर्नेमा विषयमा जोड दिनुभयो। उहाँले आमाको नाममा बिरुवा लगाउने भारत सरकारको अभियान एक पेड़ माँ के नाम-मा सहभागी हुन सबैलाई आग्रह पनि गर्नुभयो।

**सीतारामन-कौटिल्य**

वित्तमन्त्री श्रीमती निर्मला सीतारमणले सरकार वित्तीय अनुशासनका लागि प्रतिबद्ध रहेको बताउनु भएको छ। नयाँ दिल्लीमा कौटिल्य इकोनोमिक कन्क्लेभ २०२४ मा बोल्दै उहाँले वित्तीय घाटा वित्त वर्ष २०२४ मा जीडीपीको ५ दशमलव ६ प्रतिशतबाट आउँदो वर्ष २०२५ मा ४ दशमलव ९ प्रतिशतमा झर्ने अनुमान गर◌िएको बताउनुभयो।

श्रीमती सीतारामनले वित्तीय अनुशासनको प्रतिबद्धताले ऋणको ब्याजदरलाई नियन्त्रण गर्नका साथै अर्थतन्त्र व्याप◌ी उधार लागत घटाउन पनि सहयोग हुने बताउनु भयो। उहाँले गरिब, महिला, युवा र किसानहरू विकसित भारतको विकास प्रक्रियाक◌ा सबैभन्दा ठूल◌ा सरोकारवाला र लाभार्थी हुन् भन्नुभयो।

**राजनाथ SIDM**

रक्षामन्त्री श्री राजनाथ सिंहले भारतको घरेलु रक्षा उत्पादनले सन् २०२३-२४ मा १ लाख २७ हजार करोड रुपियाँको रेकर्ड पार गरेको बताउनु भएको छ। उहाँले आज नयाँ दिल्लीमा सोसाइटी अफ इन्डियन डिफेन्स म्यानुफ्याक्चरर्स- SIDM को सातौं वार्षिक साधारण सभालाई सम्बोधन गर्दै यस्तो जानकारी दिनुभएको हो। श्री सिंहले सरकारले रक्षा क्षेत्रमा अत्याधुनिक प्रविधिको विकासका लागि धैरै

योजनाहरू ल्याएको बताउनु भयो।  रक्षामन्त्रीले IDEX, प्रविधि विकास कोष, अदिति योजना र मन्त्रालयद्वारा सञ्चालित विभिन्न प्रकारका प्रोत्साहन योजनाहरूको बारेमा पनि जानकारी दिनु भयो।

## अमित शाह-गुजरात

केन्द्रीय सहकारिता मन्त्री श्री अमित शाहले भन्नुभएको छ, सहकारिता संसारमा एउटा मात्र यस्तो मोडेल हो जसले जनकल्याण सँगसँगै आर्थिक विकास सुनिश्चित गर्दछ।
आज गान्धीनगरस्थित महात्मा मन्दिरमा अहमदाबाद जिल्ला सहकारी बैंकको शताब्दी समारोहमा बोल्दै उहाँले भन्नुभयो,  जनताको हित सुनिश्चित नभएसम्म आर्थिक विकासले मात्रै कुनै पनि देशको विकास हुन सक्दैन। उहाँले आगामी दिनमा सहकारी क्षेत्रको भूमिका अझ महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो।

## गृहमन्त्री लागुऔषध

केन्द्रीय गृहमन्त्री श्री अमित शाहले मोदी सरकारले भारतलाई लागूऔषधमुक्त बनाउन शून्य सहनशीलताको नीति अपनाइरहेको बताउनु भएको छ। उहाँले उत्तर भारतमा ५ हजार ६०० करोडको लागुऔषध प्राप्त भएको र यसमा कंग्रेसका वरिष्ठ नेताको नाम आउनु अत्यन्तै खतरनाक र लाजमर्दो विषय हो भन्नुभयो।  श्री शाहले भन्नुभएको छ, मोदी सरकारले युवाहरूलाई खेलकुद, शिक्षा र नवीनतातर्फ लैजाने काम गरिरहेको छ।

## समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

## सर्वोच्च न्यायालय - तिरुपति सुनुवाई

सर्वोच्च न्यायालयले तिरुमाला तिरुपति मन्दिरमा प्रसादको लड्डू बनाउन मिसावट◌ी घ्यू प्रयोग गरेको आरोपको छानब◌ीन गर्न स्वतन्त्र विशेष जाँच टीम गठन गर्न आदेश दिएको छ। यो टीममा सीबीआई र आन्ध्र प्रदेश पुलिसका दुई-दुई अधिकारी र भारतीय खाद्य सुरक्षा एवम् मानक प्राधिकरणका एक वरिष्ठ अधिकारी समावेश हुनेछन्। सीबीआई निर्देशकले अनुसन्धानको निरीक्षण गर्नेछन्। न्यायालयले विभिन्न याचिकाहरूको सुनुवाइ गर्दै यस्तो आदेश दिएको हो।

## छत्तीसगढ - माओवादी

छत्तीसगढको नारायणपुर जिल्लामा आज सुरक्षा बलसँगको भिडन्तमा सात नक्सलवादी मारिएका छन् । आज दिउँसो नारायणपुर जिल्लाको अबुझमद क्षेत्रमा भिडन्त भएको हो ।
क्षेत्रमा अहिले पनि खोजी कार्य जारी छ ।

## उत्तर प्रदेश-मिर्जापुर दुर्घटना

उत्तर प्रदेशको मिर्जापुर जिल्लामा आज बिहान भएको सडक दुर्घटनामा १० जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् । मिर्जापुर–वाराणसी सीमामा रहेको मिर्जामुराद नजिक ट्रकले ट्याक्टर–ट्रोलीलाई ठक्कर दिँदा दुर्घटना भएको हो । ट्र्याक्टर ट्रलीमा १३ जना कामदार थिए।

श्रीलंका - जयशंकर

विदेशमन्त्री डा. सुब्रमण्यम जयशंकर श्रीलंकाको एकदिने भ्रमणमा हुनुहुन्छ। आज कोलम्बो पुगेपछि विदेशमन्त्रीले श्रीलंकाका वरिष्ठ नेताहरूसँग वार्ता गर्नुभयो। वार्तामा दुइ देशको आपसी हितका विभिन्न मुद्दामा छलफल भएका थिए।

बिहार - बाढी

बिहारमा बाढीको अवस्था गम्भीर बन्दै गएको छ । दरभंगा, पूर्वी चम्पारण, खगडिया र मुजफ्फरपुर जिल्लामा वर्षाका कारण धेरै क्षेत्रमा बाढीको प्रभाव देखिएको छ । बाढीबाट १८ जिल्लाका १६ लाखभन्दा बढी मानिस प्रभावित भएका छन् ।

मुख्यमन्त्री श्री नितिश कुमारले बाढी प्रभावित क्षेत्रको अवस्थाको जानकारी लिइरहनुभएको छ। यी क्षेत्रमा खाद्यान्न तथा अन्य सामग्री वितरणका लागि भइरहेको राहत कार्यको समीक्षा गर्न उहाँ आज दरभंगा जानुभएको थियो।

मौसम

मौसम विभागले मेघालय, उप-हिमालय पश्चिम बंगाल, सिक्किम, असम र अरुणाचल प्रदेशमा भीषण वर्षा हुने बताएको छ। विभागले आज पश्चिम बङ्गाल र बिहारका साथै आगामी दुई दिनसम्म नागाल्याण्ड, मणिपुर, मिजोरम र त्रिपुरामा भारी वर्षाको सम्भावना रहेको जनाएको छ। यसैबीच, मौसम विभागले आन्ध्र प्रदेशको रोयल सीमा क्षेत्रका साथै दक्षिणी आन्तरिक कर्नाटक, तमिलनाडु, पुडुचेरी, केरलमा आगामी ४-५ दिनसम्म भारी वर्षा हुने पूर्वानुमान गरेको छ।

ISSF शूटिंग

सुटिङमा, मुकेश नेलावल्ली, राजवर्धन पाटिल र हरसिमार सिंह रत्थाको टीमले पेरुमा भइरहेको ISSF जुनियर विश्व च्याम्पियनसिपमा पुरुषहरूको २५ मिटर र्‍यापिड फायर पिस्टल टिम इभेन्ट जितेको छ। यो जितसँगै भारतले ११ औं स्वर्ण पदक जितेको छ । च्याम्पियनशीपमा भारत 11 स्वर्ण, एक रजत र चार कांस्यसहित कुल 16 पदकका साथ पदक तालिकामा शीर्षमा रहेको छ। चीन तीन स्वर्ण र एक रजत पदकसहित दोस्रो स्थानमा रहेको छ ।

क्रिकेट

महिला टी–20 क्रिकेट विश्वकपमा अहिले दुबईमा भारत र न्युजिल्याण्डको खेल शुरु भएको छ। विश्वकपमा यो भारतको पहिलो म्याच हो।

यसभन्दा अघि आज भएको म्याचमा दक्षिण अफ्रिकाले वेस्ट इन्डिजलाई 10 विकेटले पराजित गरेको थियो।

मुख्य समाचार फेरि एकपल्ट

- ग्लोबल वार्मिङ र पर्यावरण प्रदूषणको चुनौतीसँग जुध्न सम्भव भएजति प्रयास गर्न विश्व समुदायलाई राष्ट्रपतिको आग्रह
- वित्तमन्त्रीले सरकार वित्तीय अनुशासनका लागि प्रतिबद्ध रहेको बताउनु भयो
- घरेलु रक्षा उत्पादनले १ लाख २७ हजार करोड रुपियाँको रेकर्ड पार गरेको रक्षामन्त्रीको भनाई
- तिरुमाला तिरुपति मन्दिरको प्रसाद लड्डू प्रकरणको छानबीन गर्न जाँच समिति गठन गर्ने सर्वोच्चको आदेश
- ISSF जुनियर विश्व च्याम्पियनसिपमा भारतको उत्कृष्ट प्रदर्शन जारी, अनि

- **महिला टी–20 क्रिकेट विश्वकपमा अहिले भारत र न्युजिल्याण्ड भिड्दै**